# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः ६** **प्रमाणिकरणः२०७८।०२।१६**

**प्रकाशन मितिः २०७८।०२।१६**

## भाग-२

# ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८

ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८

**प्रस्तावनाः** विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीले भौतिक रुपमा विद्यार्थीलाई विद्यालयमा उपस्थित गराई औपचारिक मूल्याङ्कन गर्न नसकिने विषम परिस्थिति सिर्जना भएकोले विद्यार्थीको शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न तथा सबै बालबालिकाहरुको शैक्षिक सत्र पश्चात कक्षान्नोति हुने नियमित प्रक्रियालाई एकरुपता, स्तरीयता, प्रमाणिकरण तथा निरन्तरता दिन बाञ्छनीय भएकाले ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ को दफा २३ बमोजिम यो कार्यविधि बनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस कार्यविधिको नाम "ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८" रहनेछ ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले ठाकुरबाबा नगर शिक्षा नियमावली, २०७५ लाई सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मुल्याङ्कन कार्यविधि, २०७८ लाई सम्झनु पर्छ ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय अनुसार रहनेछ ।

(क) कोभिड-१९ को कारणले हुन नसकेको शैक्षिक सत्र २०७७ सालको वार्षिक परीक्षाको मूल्याङ्कनका लागि आधार तयार गर्ने ।

(ख) प्रस्तावित आधार र परिधीभित्र रही विद्यार्थीको वार्षिक सिकाई उपलब्धिको मूल्याङ्कन गर्ने ।

(ग) प्रस्तावित आधार र परिधिभित्र रहेर नतिजा प्रकाशन गर्ने ।

**४. मूल्याङ्कनका आधारहरुः**

**४.१ सम्पादित परिक्षामा ल्याएको प्राप्ताङ्कको आधार**

(क) प्रथम त्रैमासिक परीक्षाः १० प्रतिशत ।

(ख) अर्धवार्षिक परीक्षाः ३० प्रतिशत ।

(ग) सम्पन्न भईसकेका बार्षिक परीक्षाका विषयमा प्राप्त गरेको अङ्कः २० प्रतिशत ।

**४.२ आन्तरिक तथा निरन्तर मूल्याङ्कनको आधार**

(क) विद्यार्थीको नियमित कक्षा उपस्थितिको आधारः ५ प्रतिशत ।

(ख) विद्यार्थीको कक्षा सहभागिता तथा सक्रियताः ५ प्रतिशत ।

(ग) विद्यार्थीद्वारा सम्पादित सिर्जनात्मक कार्य वा परियोजना कार्यको आधारः १० प्रतिशत ।

(घ) सिकाई सहजिकरण पुस्तिकाको आधारः २० प्रतिशत ।

**५. समिति गठनः**

(१) विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्न विद्यालयहरुमा शिक्षकहरुको बैठकबाट तपसिल अनुसार एक विद्यालय स्तरीय विद्यार्थी आन्तरीक मुल्याङ्कन समिति गठन गर्नुपर्नेछ ।

| | |
|---|---|
| (क) शिक्षकहरुले आफूमध्येबाट छानेको एक जना | संयोजक |
| (ख) प्रधानाध्यापकले तोकेको शिक्षक एक जना | सदस्य |
| (ग) तहगत इन्चार्ज वा बरिष्ठ शिक्षक एक जना | सदस्य |
| (घ) कक्षा शिक्षकमध्ये कम्तिमा १ जना महिला शिक्षक सहित २ जना | सदस्य |

(२) प्राथमिक विद्यालयको वा थोरै विद्यार्थी/शिक्षक भएको हकमा यो समिति ३ जना सम्मको मात्र हुन सक्नेछ ।

**६. समितिको काम, कर्तव्य र अधिकारः**

(क) विषयगत तथा कक्षागत शिक्षकहरुबाट विद्यार्थीको आवश्यक अभिलेख सङ्कलन गर्ने ।

(ख) उक्त अभिलेखलाई अनुसूची-१ अनुसार तयार गर्ने/गराउने ।

(ग) तयार भएको अभिलेखलाई शिक्षक तथा कर्मचारीबीचको भर्चुअल वा सुरक्षा मापदण्ड अपनाई भौतिक उपस्थिति/सम्पर्कको माध्यमबाट गरिएको छलफलबाट प्राप्त सुझावअनुसार अन्तिम रुप दिई प्रधानाध्यापक समक्ष राय प्रस्तुत गर्ने ।

(घ) विद्यार्थीको मूल्याङ्कन गरी विषयगत र कक्षागत रुपमा हरेक विद्यार्थीको सिकाई उपलब्धि निर्धारण गर्ने ।

## ७. नतिजा प्रमाणिकरणः

(क) कक्षा १ देखि ४, कक्षा ६, ७ र ९ को नतिजा प्रमाणिकरण सम्बन्धित विद्यालयका प्र.अ.ले र स्थानीय तह आधारभूत परीक्षाअन्तर्गत कक्षा ५ र कक्षा ८ को नतिजा प्रमाणिकरण शिक्षा, युवा तथा खेलकुद शाखाले गर्ने ।

(ख) हरेक विद्यालयले तोकेको ढाँचामा कक्षा ५ र कक्षा ८ का हरेक विद्यार्थीको विषयगत अङ्क तालिका सुची तयार पारेर तोकिएको मितिभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने।

(ग) विद्यालयबाट प्रमाणित भई आएको प्राप्ताङ्कलाई IEMIS सफ्टवेयरमा प्रविष्ट गरी अन्तिम परिणाम तयार पारेर प्रकाशन गर्ने र विद्यालयहरुलाई उपलब्ध गराउने ।

(घ) विद्यालयहरुले वार्षिक परीक्षाको नतिजा प्रकाशन गरी सकेपछि १५ दिनभित्र परीक्षा नतिजा, प्रगति विवरण र विद्यार्थी सिकाई उपलब्धिको कक्षागत र विषयगत विवरण शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

## ८. व्याख्या तथा खारेजीः

(१) यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

(२) शैक्षिक सत्र २०७७ सालको वार्षिक मूल्याङ्कनको सम्पूर्ण कार्य समापन भएपछि यो कार्यविधि स्वतः खारेज हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८

# अनुसूची-१ (क)

**(दफा ७ को उपदफा ख सँग सम्बन्धित)**

श्री ..........................................................................विद्यालय

ठाकुरबाबा नगरपालिका वडा नं. ..........................बर्दिया

**विद्यार्थी मूल्याङ्कन फाराम २०७८**

कक्षा : १-३

| क्र.स. | रोल नं. | विद्यार्थीको नाम | निरन्तर मूल्याङ्कन प्रणाली | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | त्रैमासिक परीक्षा १०% | अर्धवार्षिक परीक्षा ३०% | निरन्तर आन्तरिक मूल्याङ्कन (६०%) | जम्मा (१००%) | |
| | | | १० | ३० | ६० | १०० | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

**कक्षा शिक्षक** **समिति संयोजक** **प्रधानाध्यापक**

ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८

# अनुसूची-१ (ख)

**(दफा ७ को उपदफा ख सँग सम्बन्धित)**

श्री ............................................................................विद्यालय

ठाकुरबाबा नगरपालिका वडा नं. ...........................बर्दिया

**विद्यार्थी मूल्याङ्कन फाराम २०७८**

**कक्षा : ४**

| क.स. | रोल नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन | | आन्तरिक मूल्याङ्कन | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | त्रैमासिक परीक्षा १०% | अर्धवार्षिक परीक्षा ३०% | परियोजना कार्य (१०%) | हाजिरी (५%) | कक्षा सहभागिता (५%) | सिकाइ सहजिकरण पुस्तिका आधार(२०% | वार्षिक परीक्षा भएका दुइवटा विषयको मूल्याङ्कन आधार (२०% | आवधिक तथा आन्तरिक मूल्याङ्न बाट (५०%) | निरन्तर (५०%) | जम्मा (१००%) | |
| | | | ५ | १५ | ५ | २.५ | २.५ | १० | १० | ५० | ५० | १०० | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८

नोट : प्रयोगात्मक अङ्क पाठ्यक्रम अनुसार गर्ने ।

**कक्षा शिक्षक** **समिति संयोजक** **प्रधानाध्यापक**

# अनुसूची-१ (ग)

**(दफा ७ को उपदफा ख सँग सम्बन्धित)**

श्री ..........................................................................विद्यालय

ठाकुरबाबा नगरपालिका वडा नं. ..........................बर्दिया

**विद्यार्थी मूल्याङ्कन फाराम २०७८**

**कक्षा : ६ र ७**

| क्र.स. | रोल नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन | | आन्तरिक मूल्याङ्कन | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | त्रैमासिक परीक्षा १०% | अर्धवार्षिक परीक्षा ३०% | परियोजना कार्य (१०%) | हाजिरी (५%) | कक्षा सहभागिता ( ५%_ | सिकाइ सहजिकरण पुस्तिका आधार( २०% | वार्षिक परीक्षा भएका दुइवटा विषयको मूल्याङ्कन आधार( २०% | आवधिक तथा आन्तरिक मूल्याङ्कन बाट (६०%) | निरन्तर ( ४०%) | जम्मा ( १००% ) | |
| | | | ६ | १८ | ६ | ३ | ३ | १२ | १२ | ६० | ४० | १०० | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

नोट : प्रयोगात्मक अङ्क पाठ्यक्रम अनुसार गर्ने ।

**कक्षा शिक्षक** **समिति संयोजक** **प्रधानाध्यापक**

ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८

# अनुसूची-१ (घ)

**(दफा ७ को उपदफा ख सँग सम्बन्धित)**

श्री ...........................................................................विद्यालय

ठाकुरबाबा नगरपालिका वडा नं. ..........................बर्दिया

**विद्यार्थी मूल्याङ्कन फाराम २०७८**

**कक्षा : ९**

| क्र.स. | रोल नं. | विद्यार्थी को नाम | आवधिक मूल्याङ्कन | | आन्तरिक मूल्याङ्कन | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | त्रैमासिक परीक्षा १०% | अर्धवार्षिक परीक्षा ३०% | परियोजना कार्य (१०%) | हाजिरी (५%) | कक्षा सहभागिता ( ५%_ | सिकाइ सहजिकरण पुस्तिका आधार( २०% | वार्षिक परीक्षा भएका दुइवटा विषयको मूल्याङ्कन आधार( २०% | आवधिक तथा आन्तरिक मूल्याङ्कनबाट (७५%) | प्रयोगात्मक( २५% | जम्मा (१००%) | |
| | | | ७.५ | २२.५ | ७.५ | ३.२५ | ३.२५ | १५ | १५ | ७५ | २५ | १०० | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

**कक्षा शिक्षक** **समिति संयोजक** **प्रधानाध्यापक**

ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८

# अनुसूची-१ (ङ)

**(दफा ७ को उपदफा ख सँग सम्बन्धित)**

श्री ...........................................................................विद्यालय

ठाकुरबाबा नगरपालिका वडा नं. ..........................बर्दिया

**विद्यार्थी मूल्याङ्कन फाराम २०७८**

**कक्षा : ८**

| क्र.स. | रोल नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन | | आन्तरिक मूल्याङ्कन | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | त्रैमासिक परीक्षा १०% | अर्धवार्षिक परीक्षा ३०% | परियोजना कार्य (१०%) | हाजिरी (५छ) | कक्षा सहभागिता (५%_ | सिकाइ सहजिकरण पुस्तिका आधार ((२०%) | वार्षिक परीक्षा भएका दुइवटा विषयको मूल्याङ्कन आधार (२०%) | आवधिक तथा आन्तरिक मूल्याङ्कनबाट (७५%) | प्रयोगात्मक( २५% | जम्मा ( १०० %) | |
| | | | ७.५ | २२.५ | ७.५ | ३.२५ | ३.२५ | १५ | १५ | ७५ | २५ | १०० | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

शिक्षा शाखा | प्रमुख प्रशासकीय प्रमुख

ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८

# अनुसूची-१ (छ)

**(दफा ७ को उपदफा ख सँग सम्बन्धित)**

श्री ..........................................................................विद्यालय

ठाकुरबाबा नगरपालिका वडा नं. ...........................बर्दिया

**विद्यार्थी मूल्याङ्कन फाराम २०७८**

**कक्षा : ५**

| क्र. स. | रोल नं. | विद्यार्थीको नाम | आवधिक मूल्याङ्कन | | आन्तरिक मूल्याङ्कन | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | त्रैमासिक परीक्षा १०% | अर्धवार्षिक परीक्षा ३०% | परियोजना कार्य (१०%) | हाजिरी (५%) | कक्षा सहभागिता ( ५%_ | सिकाइ सहजिकरण पुस्तिका आधार( २०% | वार्षिक परीक्षा भएका दुइवटा विषयको मूल्याङ्कन आधार( २०% | आवधिक तथा आन्तरिक मूल्याङ्कन बाट (५०%) | निरन्तर मूल्याङ्कन ( ५०%) | जम्मा ( १००%) | |
| | | | ५ | १५ | ५ | २.५ | २.५ | १० | १० | ५० | २५ | १०० | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

**शिक्षा शाखा प्रमुख**

**प्रमुख प्रशासकीय अधिकृत**

<u>**आज्ञाले**</u>

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको विद्यार्थी आन्तरिक मूल्याङ्कन कार्यविधि, २०७८